## प्रेस विज्ञप्ति
## विश्व क्षयरोग दिवस, २०२४

आदरणीय पत्रकार मित्रहरु,

हरेक वर्ष २४ मार्च मा मनाइने विश्व क्षयरोग दिवसको पुर्व सन्ध्यामा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र यस विश्वव्यापी जनस्वास्थ्य समस्याको बारेमा सचेतना जगाउने कार्यमा सहयोग पुर्याउनु हुने सम्पुर्ण पत्रकार तथा सञ्चारकर्मीहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले विश्व क्षयरोग दिवस २०२४ लाई **'हो! हामी क्षयरोग अन्त्य गर्छौं!' ('Yes! We can End TB!')** भन्ने मूल नाराका साथ् २२ मार्च, २०२४ का दिन भव्यताका साथमा मनाउने घोषणा गरेको छ। साथै क्षयरोगको महामारीलाई अन्त्य गर्न राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र दृढ संकल्पका साथ प्रतिबद्ध छ।

जनस्वास्थ्य, सामाजिक र आर्थिक विकासका लागि क्षयरोग गम्भीर समस्याको रूपमा रहनु नेपालका लागि चिन्ताको बिषय हो। विश्व स्वास्थ्य संगठनका अनुसार आ. व. २०७९/२०८० मा नेपालमा ७०,००० नयाँ क्षयरोगका बिरामीहरु थपिने र १८,००० व्यक्तिहरुको मृत्यु हुने अनुमान गरिएको थियो। सोही अवधिमा राष्ट्रिय क्षयरोग कार्यक्रमले कुल ३७,४४७ क्षयरोगका बिरामीहरू दर्ता गरेको छ, जसमा ३५% महिला र ६५% पुरुष छन्। यी बिरामीहरु मध्ये ७२% फोक्सोका बिरामीहरु र २८% फोक्सो बाहेक अन्य अंगमा लाग्ने क्षयरोगका बिरामीहरु थिए।

आ. व. २०७९/२०८० मा भौगोलिक रूपमा, तराई क्षेत्रमा ६०.०% क्षयरोगका बिरामीहरू दर्ता गरिएका थिए भने प्रादेशिक स्तरमा ६८.०% बिरामीहरु मधेस , वाग्मती र लुम्बिनी प्रदेश गरी यी ३ प्रदेशहरुमा दर्ता भएका थिए। साथै उक्त अवधिमा क्षयरोग रोकथाम उपचार (TB Preventive Treatment) कार्यक्रम लागु भएका ४२ जिल्लाहरुमा क्षयरोग बिरामीहरुको घरपरिवारको सम्पर्कमा रहेका पाँच वर्ष मुनिका ३६५८ योग्य बालबालिकाहरूले क्षयरोग रोकथाम उपचार प्राप्त गरेका थिए।

विश्वमा औषधि प्रतिरोधी क्षयरोग (Drug Resistant Tuberculosis) को उच्च भार भएका ३० देशहरु मध्ये नेपाल पनि पर्नु चिन्ताको विषय हो। सोही आ.व. मा २,९०० व्यक्तिहरुमा औषधि प्रतिरोधी क्षयरोग विकास हुने अनुमान गरिएकोमा ६९३ बिरामीहरू निदान गरिएका थिए, जसमध्ये ५४६ बिरामीहरु उपचारको दायरामा आएका थिए।

आ. व. २०७९/२०८० मा Drug Susceptible क्षयरोगका बिरामीहरुको उपचार सफलता दर (Treatment Success Rate ) ९२.४ % थियो। त्यसैगरी औषधी प्रतिरोधी क्षयरोग (Drug Resistant) का बिरामीहरुको उपचार सफलता दर ८२.० % रहेको थियो, जुन तुलनात्मक रुपमा विश्वका अन्य देशहरुमध्ये उच्च हो। नेपालमा क्षयरोगको उच्च जोखिम समूहमा कुपोषित व्यक्तिहरु, एच.आई.भि संक्रमितहरु, मधुमेह भएका व्यक्तिहरु , धुम्रपान गर्ने र मदिरा सेवन गर्ने व्यक्तिहरु पर्दछन्।

यी चुनौतीहरूका बाबजुद पनि नेपालले क्षयरोग रोकथाम, निदान र उपचारमा उल्लेखनीय प्रगति हासिल गरेको छ। राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले, साझेदार र सरोकारवालाहरूसँगको सहकार्यमा क्षयरोगका सेवाहरूमा पहुँच विस्तार गर्न, निदान क्षमताहरू सुदृढ गर्न र उपचार परिणामहरू सुधार गर्न अथक प्रयास गर्दै आएको छ। हाल राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले स्थानीयतहहरुको नेतृत्व तथा अपनत्व विकास गरी क्षयरोग अन्त्यको प्रयासहरुलाई दिगो रुपमा गति दिने उद्देश्यले **'क्षयरोग मुक्त नेपाल अभियान '** को शुरुवात गरेको छ। यस आ.व. सम्म देशै

भरिबाट छानिएका १२५ स्थानीयतह हरुमा यस अभियानको कार्यान्वयन गरी क्षयरोगको पहिचान, निदान र उपचार सेवाहरुको गुणस्तरमा सुधार गर्नुका साथै क्षयरोग अन्त्यको प्रयासमा समुदायको संलग्नता बढाउने कार्यहरु गर्दै आएको छ । राष्ट्रिय क्षयरोग कार्यक्रमले **क्षयरोग मुक्त नेपाल अभियान** क्रमश सबै ७५३ स्थानीय तहहरुमा बिस्तार गर्ने लक्ष्य राखेको छ।

राष्ट्रिय र विश्वव्यापी प्रतिबद्धता अनुरूप नेपालले क्षयरोग बिरुद्धको लडाईलाई साकार पार्नका निम्ति सन् २०२१/२२ देखि २०२५/२६ सम्मको बृहत् राष्ट्रिय रणनीतिक योजना तयार गरेको छ। यो महत्वाकांक्षी योजनाले सन् २०५० सम्ममा **क्षयरोगमुक्त नेपाल** बनाउने अटल समर्पणलाई प्रतिबिम्बित गर्दछ । राष्ट्रिय क्षयरोग रणनीतिक योजनाको कार्यान्वयन गरि नेपालले नयाँ क्षयरोग बिरामी दर र मृत्युदर घटाउने, सन् २०३५ सम्ममा क्षयरोगको महामारीको अन्त्य गर्ने, सन् सन् २०५० सम्ममा क्षयरोगको निवारण गर्ने र क्षयरोग निदान/ उपचारमा लाग्ने अधिक आर्थिक व्यय भार (Catastrophic Cost) लाई शून्यमा झार्ने विशेष लक्ष्य राखेको छ। यस राष्ट्रिय रणनीतिक योजनामा उल्लिखित लक्ष्यहरूले दिगो विकासका लक्ष्यहरू (Sustainable Development Goals) र क्षयरोग अन्त्यका लक्ष्यहरू (END TB Strategy) प्राप्त गर्न योगदान दिने छन् भन्ने विश्वास गरिएको छ।

त्यसैगरी नेपालमा १८.७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि बस्ने तथ्यलाई मध्यनजर गर्दै राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र क्षयरोग र गरिबी बीचको अन्तरसम्बन्धलाई मान्यता दिँदै सामाजिक सुरक्षाका उपायहरू कायम राख्ने आफ्नो प्रतिबद्धतामा अडिग छ।

United Nations High-Level Meeting on TB (UNHLM), End TB Strategy र UN Sustainable Development Goals लगायतका अन्तर्राष्ट्रिय घोषणा र ऐक्यबद्दताहरु प्रति नेपाल सरकार प्रतिबद्ध छ र सोहि दिशामा आफ्ना कार्यक्रमहरु अगाडी बढाएको छ। साझेदारी र सामूहिक कार्यहरु गर्दै नेपालले क्षयरोग विरुद्धको विश्वव्यापी लडाइमा आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गर्दै आएको छ।

अन्त्यमा, विश्व क्षयरोग दिवस २०२४ को अवसरमा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, क्षयरोग विरुद्धको लडाईमा संलग्न सबै सरोकारवाला, साझेदार र समुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछ । क्षयरोग मुक्त नेपाल अभियानलाई सफल पार्नका निम्ति हामी सबै एक जुट हौ।

धन्यबाद।

थप जानकारीका लागि राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको वेबसाईट www.nepalntp.gov.np मा हेर्न अनुरोध छ।

डा प्रज्वल श्रेष्ठ
निर्देशक
राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र